# NBU NEPALI ACADEMY JOURNAL

A biannual journal of Nepali Language, Literature & Culture

Vol : 16

No : 17-18

June, 2020

Edited by Prof. Mohan P. Dahal, Department of Nepali, N.B.U.;
Published by the Registrar; University of North Bengal on
behalf of NBU Nepali Academy and
Printed at North Bengal University Press,
Raja Rammohanpur,
Dist: Darjeeling - 734013.


ISSN 2321-144X

# नेपाली अकादमी जर्नल
# NEPALI ACADEMY JOURNAL

## लोकवार्ता अङ्क

ENLIGHTENMENT TO PERFECTION

उत्तर बङ्ग विश्वविद्यालय
नेपाली विभाग

# विषय सूची


| | | | |
|---|---|---|---|
| | सम्पादकीय | | |
| १. | नेपाली समाजमा प्रचलित सँगिनीको बिम्बपरक विश्लेषण | तुलसीप्रसाद गौतम | १ |
| २. | 'सुनकेसरी मैयाँ' लोककथाहरूको तुलनात्मक अध्ययन | कल्पना त्रिपाठी | १३ |
| ३. | तीजे-गीतको विश्लेषण | गीता थपलिया त्रिपाठी | २७ |
| ४. | आधुनिक नेपाली कवितामा लोकसौन्दर्य | रेमिका थापा | ४० |
| ५. | मगर जाति र मगरजोङ (सन्दर्भ : सिक्किम-दार्जिलिङ) | वासुदेव थापा | ४९ |
| ६. | 'नेपालको लोककथा सङ्ग्रह'मा लोकतत्त्व | साधना पन्त | ६८ |
| ७. | लेप्चा लोककथा : परिवेश मीथ र इतिहास | बलराम पाण्डे | ८० |
| ८. | नेपाली उखानमा लैङ्गिक विभेद | ईश्वरा पौडेल | ८९ |
| ९. | नेपाली उखानमा अर्थालङ्कारका रूपरचना | शिवप्रसाद पौड्याल | १०२ |
| १०. | टोटो जनजातिको लोकसंस्कार | महेश प्रधान | १२३ |
| ११. | राभा जनजातिको सामाजिक जीवन, जीविका र संस्कृति | दिलकुमार प्रधान | १३३ |
| १२. | नेपाली लोकजीवनमा प्रचलित लोकशब्द र तिनका लोपका कारणहरू | सुचन प्रधान | १५२ |
| १३. | तामाङ जातिमा साइनु-सम्बन्ध एवं नातागोताका कुरा | गङ्गाप्रसाद भट्टराई | १५७ |
| १४. | नेपाली लोककविताको स्वरूप, परम्परा र प्रस्तुति | ध्रुवप्रसाद भट्टराई | १६१ |
| १५. | धिमाल जातिको परिचय र तिनका लोककथा एवम् लोकविश्वास | मुकुन्द राई | १८३ |
| १६. | लोकचिकित्सा | सुमन बान्तवा | १९९ |
| १७. | उत्तर बङ्गालको लोकगीत : मुर्शिया | उत्तम शर्मा | २०७ |
| १८. | पाल्पा जिल्लाका मगर जातिमा प्रचलित घाँटोनाचका पाठमा स्थानिक भेद | मुकुन्द शर्मा | २१७ |
| १९. | नेपाली समाजमा प्रचलित फेरी लाउने प्रथा | सोनाम शेर्पा | २४० |
| २०. | दार्जिलिङमा नेपाली लोकसाहित्यको अध्ययन परम्परा | ज्ञानेन्द्र सुब्बा | २५८ |

# राभा जनजातिको सामाजिक जीवन, जीविका र संस्कृति

■ दिलकुमार प्रधान

## १. आमुख

उत्तरपूर्वेली भारतको आसाम, अरुणाचल, मिजोरम, मेघालय, मणिपुर, नागाल्यान्ड, त्रिपुरा तथा वर्तमान पश्चिम बङ्गाल अन्तर्गत पर्ने पार्वत्य एवम् समतल क्षेत्रमा बसोबासो गर्ने भोट-बर्मेली वा किराती (Indo-Mongoloid) जनजातिहरूमध्ये नागा, गारो, मिकिर, बोडो (कछारी र मेच), राभा (कोच), आहोम, चुटिया, लालुङ, टिप्रा र सेरडुकपेन प्रमुख हुन्। 'साइबेरियाका मूल निवासी मानिएका किरातीहरू प्रागैतिहासिक काल (अनुमानिक पाँच हजार खीष्टाब्द पूर्व) मा विभिन्न दलमा विभाजित हुँदै मङ्गोलिया, चीन, तिब्बत, रसिया (अविभाजित), इन्डोनेसिया, थाइल्यान्ड, कोरिया, भियेतनाम, जापान, म्यान्मार, तुर्किस्थान, अफगानिस्तान एवम् भारतको उत्तर तथा उत्तरपूर्वीय अञ्चलमा बसाइँ सरेका मानिन्छ। किराती वंशका यी जनसमूहमध्ये अहोमहरू सन् १२२८ मा भारतभूमिमा प्रविष्ट भएका हुन् भन्ने तथ्य थाहा पाइए पनि रहल किराँतहरू कहिले आइपुगे भन्ने कुरो अझैसम्म निर्क्यौल गर्न सकिएको छैन। भारतमा बसोबासो गर्न थालेपछि किराँतहरूको अष्ट्रिक, द्रविड र आर्येली जनसमूहसँग दैहिक एवम् सांस्कृतिक सम्मिश्रण हुन थालेपछि नृतात्त्विक एवम् भाषिक दृष्टिले किराँतहरूको दैहिक तथा सांस्कृतिक जीवनधाराको स्वरूप पनि परिवर्तित हुँदै गएको देखिन्छ। उत्तरपूर्वी भारतमा सर्वप्रथम प्रवेश गर्ने किराती जनजातिका रूपमा परिचित मेघालयका खसिया एवम् जयन्तीयाहरूलाई उदाहरण स्वरूप लिन सकिन्छ। किराती वंशावलीका भए तापनि उनीहरूको भाषा अष्ट्रिक परिवारसँग सम्बन्धित हुनुले यस कुराको पुष्टि हुन्छ।'[१]

## २. राभाहरूको परिचय

'राभा'हरू प्रथमतः 'कोचा' वा 'कोच' नामले परिचित थिए। भाषाविद् सुनीतिकुमार चटर्जी अनुसार आधुनिक 'कोच', 'कौँच' शब्दको व्युत्पत्ति 'काउँच' (Kawomca) वा 'कामोच' (Kamoca) भएको हो। जसलाई पछि 'कम्बोज' (घरालेक्षर) पनि भनिएको छ। कम्बोजहरूको नाम ऋग्वेदमा 'कुयङ्' वा 'कुयवाचङ्' तथा रामायण, महाभारत, कालिकापुराण, योगिनीतन्त्रम्, भ्रामरीतन्त्रम्, शिवपुराण आदिमा 'कुवाचक' वा 'कुवाच' नामले सम्बोधित गरिएको पाइन्छ। 'राभा' नामको सर्वप्रथम उल्लेख भने सन् १६०८ देखि १६२४ खीष्टाब्दभित्र रचित मानिने मिर्जा नाथन अलाउद्दिनको फारसी ग्रन्थ 'बाहारिस्तान घायरी'मा पाइन्छ।[२]

१. रेवतीमोहन साहा, **रामादेर लोककाहिनी**, पृ. २७।

२. पूर्ववत्, पृ. २९।